नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

प्रथम पटक प्रकाशित मितिः २०८२।०८।०८ गते

यस राष्ट्रिय किताबखाना (निजामती)का कर्मचारी आवतजावत कार्यका लागि योग्य दरभाउपत्रदाताहरुबाट राष्ट्रिय स्तरको खुला दरभाउपत्रद्वारा सेवा खरिद गर्न निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | सवारी साधन आवतजावत गर्नुपर्ने रुटहरु | संख्या (सवारी साधन कम्तीमा १६ सिट क्षमताको) | दरभाउपत्रको मान्य अवधि | दरभाउपत्र फाराम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | सामाखुसी, मनमैजु पुल, नयाँबसपार्क, बनस्थली, स्वयम्भू, कलंकी, नैकाप, किर्तिपुर, बल्खु, एकान्तकुना, जावलाखेल, पुल्चोक, हरिहरभवन (राष्ट्रिय किताबखाना(निजामती) | १ | ४५ दिन | रु १००० | २१००० |
| २ | मुलपानी , बाबाचोक, गठ्ठाघर, कौशलटार, बालकोट, जडिबुटी, कोटेश्वर, गोपीकृष्ण हल, वानेश्वर, थापाथली, पुल्चोक हरिहरभवन पुल्चोक (राष्ट्रिय किताबखाना (निजामती) | १ | ४५ दिन | रु १००० | २०२०० |

१. लिखित निवेदनका साथ मु.अ.क दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित तोकिएको दस्तुर बुझाई मिति २०८/०८/२२ गते कार्यालय समय भित्र यस विभागबाट दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ। दरभाउपत्र सम्बन्धी कागजको दस्तुर माथि उल्लेख भए बमोजिम ( फिर्ता नहुने गरी ) नेपाल बैंक लि. गाबहाल शाखामा रहेको राष्ट्रिय किताबखाना (निजामती) को खाता नं:००१०१००००००००१००१००१ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

२. दरभाउपत्र जमानत वापतको रकम नेपाल बैंक लिमिटेड धरौटी खाता न. ०१८०१०००००२००३००००१ कार्यालयको कोड ३६५०२३४०१ मा माथि उल्लेखित दरभाउपत्र जमानत रकम नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंक वा वित्तिय संस्थाले यस विभागको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कल विड वण्ड जमानत पेश गर्नुपर्नेछ। उक्त विड वण्डको समयावधी दरभाउपत्रको मान्य अवधि भन्दा ३० दिन बढीको हुनुपर्नेछ।

३. दरभाउपत्र सम्बन्धी कागजात मिति २०८२/०८/२३ गते १२;०० बजे भित्र यस विभागको प्रशासन शाखामा दर्ता गरिसक्नु पर्नेछ। शिलबन्दी दर्ता भएको दरभाउपत्र फारामहरु मिति २०८२/०८/२३ गते २;०० बजे सम्बन्धित निकायका प्रतिनिधि, दरभाउपत्रदाता वा प्रतिनिधि एवम् यस विभागका पदाधिकारीको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन।

४. माथि उल्लेखित सेवा उपलब्ध गराउन इच्छुक व्यवसायी, सप्लायर्स, कम्पनी तथा फर्महरुबाट दुबै रुटका लागि भिन्नाभिन्नै दरभाउपत्र खरिद गरी भिन्नाभिन्नै गोप्य शिलबन्दी पेश गर्नु पर्नेछ।

५. दरभाउपत्र सम्बन्धी कागजात किन्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट सोही समयमा गरिने छ।

६. यस विभागलाई कुनै वा सबै दरभाउपत्र फाराम रित नपुगेको र म्याद नाघी प्राप्त भएका र सशर्त पेश भएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

७. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयको फोन नः ०१५०१०१३८ मा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ । साथै विभागको **website**:www.nijamati.pis.gov.np मा समेत हेर्न सकिनेछ।

८. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य सम्पुर्ण कामकारवाही सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।